Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## राष्ट्रिय वाणिज्य बैंकले बांकी संस्थापक शेयर पुनःविक्री गर्ने

मंसीर ९ ,काठमाडौ

पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफनो स्वामित्वमा बांकी रहेको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडकैं ५७,९,६,७५७ कित्ता र नेपाल आवाश फाइनान्स कम्पनी लिमिटेडको १,७८,९२७ कित्ता संस्थापक शेयर ( ऋचयकक ज्यमिष्लनक ) को परिमार्जित मूल्य सहित पुन विक्री योजना अघि बढाएको छ। यस प्रयोजनार्थ यसै महिनाको अन्तिम हप्ता शेयर विक्री प्रकृया थाल्ने गरी नविल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडलाई विक्री प्रवन्धक तोकिएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा र नायव महाप्रवन्धक भेषराज पन्थीको समुपस्थितिमा केन्द्रीय कार्यालयमा आयोजित यस सम्वन्धी संझौतापत्रको हस्ताक्षर समारोहमा बैंकको ट्रेजरी विभागका प्रमुख भुपेन्द्र पाण्डे र नविल इन्भेष्टमेन्ट बैकिंग लिमिटेडका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले हस्ताक्षर गर्नुभयो।

यसपटक अधिकांश लगानीकर्ताहरुको चाहना र वजार प्रवृत्तिलाई दृष्टिगत गरी नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको प्रति शेयर न्यूनतम मूल्य रु ४००। कायम गरिएको छ भने नेपाल आवाश फाईनान्स कम्पनि लिमिटेडको प्रति शेयर न्यूनतम मूल्य रु १०१। कायम गरिएको छ। स्मरण रहोस् ,बैंकले यस अघि साउन २८ गते आरम्भ गरेको प्रथम चरणको विक्री प्रकृया अन्तर्गत नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको १२ लाख कित्ता शेयर र नेपाल आवाश फाइनान्स कम्पनी लिमिटेडको १९ हजार..कित्ता विक्री भै लगानीकर्ताहरुले यसै साताको अन्त्यतिरबाट प्रमाणपत्र प्राप्त गर्दैछन्। पहिलो विक्री योजनामा सहभागी लगानीकर्ताहरु गत वर्षको डिभिडेण्डको हकदार समेत भएका छन्।

**Release November 25, 2014**